का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ फागुन २०७९,
बिहीबार
23 February 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २९, अंक २९ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# फेरि पाँच दलीय गठबन्धन !

चुनाव अगाडिको नेपाली कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धनको अभ्यासलाई फेरि ब्युँताउने प्रयास भएको छ । १० पुसमा भएको सहमति अनुसार माओवादी केन्द्रले एमालेले भनेकै उम्मेदवार राष्ट्रपति नमान्ने भनेपछि पुनः पुरानो गठबन्धनबारे छलफल चलेको छ । तर, पाँच दलीय गठबन्धन ब्युँतिएको घोषणा गर्नु अगाडि माओवादीले एमालेको प्रतिक्रिया चाहेको छ ।





“ कांग्रेसले राष्ट्रपति लिने विषयमा सकारात्मक छलफल भएको छ । थप छलफल गर्नका लागि बिहीबार फेरि बैठक बस्छ ।

**रामचन्द्र पौडेल**
**वरिष्ठ नेता, नेपाली कांग्रेस**

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १० फागुन ।

फागुन २५ मा हुने राष्ट्रपति निर्वाचनका लागि १३ फागुनमा उम्मेदवार मनोनयन दर्ता हुने कार्यतालिका छ । उम्मेदवार मनोनयनको समय घर्किंदै गएपछि प्रमुख दलका शीर्ष नेताहरुको दौडधुपसँगै व्यस्तता बढेको छ । नेपाली कांग्रेसले राष्ट्रपतिमा दाबी गर्दै आएको छ । अर्कोतिर नेताहरू पुरानै गठबन्धन ब्युँताउने तयारीमा लागेका छन् । पुस १० गते प्रचण्डलाई प्रधानमन्त्री बनाउने सहमति गर्दा राष्ट्रपति एमालेले लिने सहमति भएको थियो । तर प्रचण्डले पछिल्लो समय राष्ट्रिय सहमतिको अधारमा राष्ट्रपति चयन हुनुपर्ने अडान लिन थालेपछि राष्ट्रपति निर्वाचन पेचिलो बनेको हो । अहिले कांग्रेसको दाउ चुनावताकाको गठबन्धन ब्युँताउने रहेको छ भने एमाले अध्यक्ष ओली आफ्नो पार्टीले राष्ट्रपति नपाउने अवस्थामा कांग्रेस इत्तरको आफू अनुकूलको राष्ट्रपति बनाउने दौडधुपमा छन् । राजनीतिको कित्ता आफ्नो पक्षमा पार्न चतुर मानिएका ओलीले पछिल्लो पटक एकपछि अर्को कार्ड फ्याँक्न थालेपछि कांग्रेस सशंकित बनेको छ । ओली कार्डले नेपाली राजनीति थप तरंगित बनेको छ । ओलीले माधव नेपाल, अमिक शेरचन, डा. बाबुराम भट्टराईसम्मलाई राष्ट्रपतिको उम्मेदवारका रुपमा अघि सारेका छन् ।

ओली र माधव नेपालबीच त आइतवार वान टु वान वार्ता समेत भएको छ । झण्डै चार घण्टा भएको वार्तामा ओलीले सीधै राष्ट्रपतिको प्रस्ताव नगरेर घुमाउरो भाषा प्रयोग गरेको स्वयम् नेता नेपालले बताएका छन् ।

नेपालका अनुसार आइतबार साँझ एकीकृत समाजवादीका नेता किसान श्रेष्ठको घरमा भएको भेटमा ओलीले पार्टी एकताको प्रस्ताव समेत गरेका थिए ।

‘बाहिर आएको जस्तो प्रस्तावै गरेको होइन । तर दल मिलाएर जाउँ, त्यसरी दल ठूलो हुँदै जाँदा हामी सबै कुरा प्राप्त गर्न सक्छौं भन्ने उहाँको भनाइ थियो,’ नेपाललाई उधृत गर्दै उनी निकट एक नेताले बताए ।

उनले ओलीको राष्ट्रपतिको प्रस्तावप्रति खासै आशावादी नरहेको संकेत पनि गरेका छन् । एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले पनि यसबारेमा पार्टीमा कुनै औपचारिक प्रस्ताव नआएको बताए । ‘कसले कसलाई के प्रस्ताव गऱ्यो त्यसबारे केही थाहा छैन । पार्टी एउटा नीति, विधि, सिद्धान्त निष्ठासँग चल्छ । त्यसैले कसैसँग कुरा गर्न पऱ्यो भने स्वाभाविक रूपले एउटा औपचारिक धरातलमा बसेर कुरा गर्नुपर्छ, अहिलेसम्म त्यस्तो मलाई केही थाहा छैन। कतै केही भएको अहिलेसम्म मैले जानकारी पाएको छैन ।’

तर, धेरै समयदेखि दुई नेताबीच संवाद हुन नसकेको अवस्थामा ओली-नेपालबीचको भेटले ‘आइसब्रेक’ भने गरेको एकीकृत समाजवादीका एक नेताले बताए ।

– बाँकी पृष्ठ २ मा

# प्रधानन्यायाधीश नियुक्ति चैत लागेपछि

राष्ट्रपतिको निर्वाचनसम्म सत्तासमीकरणकै विषयमा राजनीतिक दलहरुको ध्यान केन्द्रीत हुने र यसबीचमा संवैधानिक परिषद सम्बन्धी कानून बन्न सके चैत लागेपछि प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया अगाडि बढ्ने सरकारी अधिकारीहरु बताउँछन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १० फागुन ।

कानून व्यवसायीहरूले अविलम्ब प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउन माग गरेका छन् । प्रधानन्यायाधीशको नियुक्ति नहुँदा न्याय सम्पादनमा असर पुगेको भन्दै कानून व्यवसायीहरूले प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउन माग गरेका हुन् ।

तर, फागुन महिनाभर प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढ्ने अवस्था नरहेको सरकारी अधिकारीहरु बताउँछन् । राष्ट्रपतिको निर्वाचनसम्म सत्तासमीकरणकै विषयमा राजनीतिक दलहरुको ध्यान केन्द्रीत हुने र यसबीचमा संवैधानिक परिषद सम्बन्धी कानून बन्न सके चैत लागेपछि प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया अगाडि बढ्ने सरकारी अधिकारीहरुको भनाइ छ ।

राष्ट्रपतिको निर्वाचन यही फागुन २५ गते हुँदैछ । पहिलो चरणकै निर्वाचनमा मुलुकले नयाँ राष्ट्रपति पाए पनि उपराष्ट्रपतिको निर्वाचन चैत ३ गते हुँदैछ । राष्ट्रपति निर्वाचनले सत्ता समीकरणलाई प्रष्ट आकार दिने भए पनि संवैधानिक परिषदको बैठक बसेर प्रधानन्यायाधीश नियुक्ति प्रक्रियाको विषय उपराष्ट्रपतिको निर्वाचनपछि मात्रै हुने नेताहरु बताउँछन् ।

बरु यसबीचमा संवैधानिक परिषद सम्बन्धी कानून बनाउने सरकारको तयारी छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संवैधानिक परिषदका ६ जनामध्ये ३ जनाकै उपस्थितिमा परिषदको बैठक बस्न सक्ने र ३ जनाको बहुमत २ जनाले निर्णय गर्न सक्ने गरी अध्यादेश ल्याएका थिए । उक्त अध्यादेश अनुसार ५२ जनाले नियुक्ति पनि पाए । तर, उक्त अध्यादेश र नियुक्ति प्रक्रियामा संसदीय सुनुवाई समेत नभएको भनी सर्वोच्च अदालतमा परेको रिट विचाराधीन छ । विगतमा अध्यादेशको विरोध गर्दै आएका पुष्पकमल दाहाल प्रचण्डले संवैधानिक परिषद सम्बन्धी ऐन २०६६ अनुसारकै व्यवस्था राखेर नयाँ विधेयक ल्याउने तयारी गरेको हो ।

राष्ट्रपतिको निर्वाचन अगाडि नै नयाँ विधेयक पारित गर्ने सरकारको तयारी छ । पुरानै व्यवस्था राखेर विधेयक ल्याउने भएकाले दलहरुको विरोध

– बाँकी पृष्ठ २ मा



“ अविलम्ब प्रधानन्यायाधीशको नियुक्ति गर्नतर्फ राजनीतिक दलहरु लाग्नुपर्छ । होइन भने यो संविधान र स्वतन्त्र न्यायपालिकाले संविधान बमोजिमको कार्य गर्न असमर्थ हुन्छ ।

**टिकाराम भट्टराई**
**वरिष्ठ अधिवक्ता**

वैदेशिक रोजगार विशेष

## मलेसियामा ‘ओटी’ले कामदारहरुमा मानसिक समस्या बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० फागुन

आप्रवासी कामदारहरुको वृद्धिसँगै मलेसिया तथा दक्षिण कोरियामा उनीहरुको मानसिक स्वास्थ्य समस्या बढेको पाइएको छ । दक्षिण कोरियामा मानसिक अस्वस्थताका कारणले नेपाली कामदारहरुको आत्महत्या दर पहिलेदेखि अनपेक्षितरुपमा बढी देखिएको अवस्थामा मलेसियामा पनि आप्रवासी कामदारमा मानसिक समस्या बढेको स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् । मलेसियामा कामदारको अभावका कारण कम्पनीमा कार्यरत कामदारहरुले अतिरिक्त समय ( ओटी ) काम गर्नुपरेको र कतिपय अवस्थामा शारीरिकरुपमा थकित हुँदा पनि बिदा नपाएको गुनासो बढेको छ । त्यसले कामदारमा मानसिक समस्या बढाएको छ । मलेसियामा आप्रवासी कामदारको मानसिक समस्या गुनासोको तहमा रहेपनि स्थानीय कामदारहरुले मानसिक स्वास्थ्य समस्याको समाधान नभएमा आन्दोलनमा उत्रने चेतावनी दिएका छन् ।

मलेसियाको वर्तमान सरकारमा स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालिरहेकी डा. जालिहा मुस्तफा आफैं पनि चिकित्सक हुन् । कामदारहरुले आन्दोलनको धम्की दिएपछि एकपटक भेटघाट र छलफलमा आउन उनले आग्रह गरेकी छन् । उनले जनशक्तिको अभाव, निरन्तररुपमा काम गर्नुपर्ने बाध्यता र उपयुक्त तलबको अभावमा मानसिक तनाव हुनु स्वभाविक भएपनि हडतालमा उत्रनु आवश्यक नभएको बताएकी छन् ।

– बाँकी पृष्ठ २ मा

## आईएलओकै नक्कली डिमाण्ड ह्वाट्सएपमा

**कतार/मस–** आप्रवासी कामदारका हक अधिकारका पक्षमा कार्यरत अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले नक्कली मागपत्र व्यापकरुपमा सामाजिक सञ्जालमार्फत सर्कुलर भएको भन्दै सचेत हुन आग्रह गरेको छ । आईएलओले कतारमा आफ्नो कार्यालयका लागि कामदारको माग रहेको तर नक्कली मागपत्रबाट भने सचेत हुन आग्रह गरेको हो ।

आईएलओले पछिल्ला दिनमा मुख्य गरी सामाजिक सञ्जालको ह्वाट्सएपमार्फत आकर्षक तलव र सुविधा भएको अनुचित आश्वासनसहितका विज्ञापन व्यापकरुपमा फैलिएको भन्दै संस्थाको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । आईएलओले आफ्नो कार्यालयले कामदार भर्ना प्रक्रियामा कुनैपनि प्रकारको शुल्क नलिने भएपनि सार्वजनिक भएका अनधिकृत विज्ञापनमा

– बाँकी पृष्ठ २ मा

JR worldwide RECRUITMENT

Romania मा वैदेशिक रोजगार
कम्पनी: JORDAN RIVER RECRUITMENT SRL
शहर : PIPERA

पूर्व स्वीकृत मिति: २०७९/११/१० | चलानी नं.: ६०१९७०४९ | LT. No.: 281375

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ७२,६९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 25 | 0 | | 550 | ७९,३०२ | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 550 | ८५,९११ | | | | | | | |
| 4. | Cook Helper | 15 | 0 | | 550 | ७२,६९४ | | | | | | | |
| 5. | GENERAL WORKER | 40 | 10 | | 600 | ७२,६९४ | | | | | | | |
| 6. | waiter | 10 | 0 | | 550 | ७२,६९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १८ गते (2 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.४०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Global Welfare Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4970357, 4989246
Mobile : 9803569272, 9803569268, 9803569273
E-mail: info@globalwelfarehr.com, Web.: www.globalwelfarehr.com

Kuwait को प्रतिष्ठित कम्पनीमा महिला/पुरुष Security Guard/Cleaner हरूलाई रोजगारको अवसर

Company: Al-Amana Security Company
पुनः विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/१०/०४ | चलानी नं. ६०१८३७९८ | LT No. : 279683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner (Indoor) | 350 | 50 | काममा दक्ष | 90 | ३९,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Security Guard | 350 | 00 | | 125 | ५४,०१०।- | | | | | | | |

Security Guard हरुको हकमा उमेर: 22 देखि 45 बर्ष, उचाई: 5.4 Inch भन्दा माथि, कामको अनुभव भएको र English राम्रो संग बोल्न, बुझ्न र पढ्न सक्ने हुनुपर्नेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७९ फागुन १४ र १८ गते (26 Feb & 2 Mar, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, Email: myeuroasiahr@gmail.com

MUST VISIT
Nepal's Largest and most Successful Exhibition on
ARCHITECTURE, BUILDING, CONSTRUCTION, DESIGN AND ENGINEERING
8th NEPAL BUILDCON INTERNATIONAL EXPO
फागुन ११-१२-१३-१४ २०७९
BHRIKUTI MANDAP, KATHMANDU
FOCUSED EXHIBITION ON
APARTMENTS AND HOUSING
CONSTRUCTION MATERIALS
CONSTRUCTION MACHINERY
ARCHITECTURAL HARDWARE
UPVC DOORS & WINDOWS
ESCALATORS AND ELEVATORS
BUILDING AUTOMATION
INTERIOR DECORATION PRODUCTS
CEMENT AND STEELS
CONSTRUCTION CHEMICALS
WATERPROOFING TECHNOLOGIES
FLOORING AND WALL COVERING
GLASS AND HARDWARE
PLUMBING & FITTING
PRE-FABRICATED STRUCTURES
ROOFING & FACADE
TILES & SANITARY WARE
WIRES , CABLES & LIGHTING
FIRE & SAFETY EQUIPMENTS
प्रवेश नि:शुल्क
Concurrent Events
NEPAL HOUSING & INVESTMENT EXPO 2023
NEPAL CONSTRUCTION MACHINERY & HEAVY EQUIPMENT INTERNATIONAL EXPO
SHOW HIGHLIGHTS
200+ EXHIBITORS
500+ GLOBAL BRANDS
1000+ PRODUCTS & SOLUTIONS
BUYER SELLER MEETING
LIVE MACHINERY DEMO
4 DAYS OF NETWORKING
Co-Sponsor: OZONE, HARRISON
Supported By: Federation of Contractors' Associations of Nepal, Federation of Heavy Equipment Entrepreneurs Association of Nepal, Nepal Chamber of Commerce, Federation of Nepali Crushers and Mining Industries
Organized By: mediaspace, Futurex
For More Details: +977 9801171141 / 980 1178244

मध्यान्ह
www.madhyanhadaily.com
११ फागुन २०७९, बिहीबार
23 February 2023, Thursday

### भक्तपुरमा बर्डफ्लु

# एघार हजार कुखुरा र चल्ला नष्ट

**मध्यान्ह संवाददाता**
**भक्तपुर, १० फागुन**

भक्तपुरका कुखुरामा बर्डफ्लु भेटिएको छ। चाँगुनारायण नगरपालिका-८ सुडालको रातोपाटीस्थित तीन वटा कुखुरा फार्ममा पालिएका कुखुरामा बर्डफ्लु भेटिए पछि बुधबार कुखुरा, चल्ला, अण्डा र दाना तथा अन्य पदार्थ नष्ट गरिएको छ।

रातोपाटीस्थत तीन फार्ममा पालिएका कुखुरामा बर्डफ्लु देखिएको पशुसेवा विभागले जनाएको छ।

विभागका अनुसार सो स्थानमा सञ्चालनमा रहेका चाँगुनारायण पोल्ट्री एण्ड ह्याचरी उद्योग प्रालि, अर्जुन गिरी पोल्ट्री फार्म र आदित्य पोल्ट्री फार्ममा पालिएका कुखुरामा बर्डफ्लु भेटिएको



महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जानकारी दिए।

फार्ममा पालिएका कुखुरा धमाधम मर्न थाले पछि कुखुरामा गरिएको परीक्षणमा तीन वटै फार्मका कुखुरामा बर्डफ्लु भेखिएको पशु विभागका चिकित्सक डा. श्रीजा वाग्लेले जानकारी दिए। कुखुरामा बर्डफ्लु भेटिएपछि बुधबार पशु चिकित्सक वाग्ले, पशु सेवा विभागका प्राविधिक आत्माराम शर्मा, चाँगुनारायण-८ का वडाध्यक्ष जनक खत्री, चाँगुनारायण नगरपालिका पशुपन्छी सेवा विकास शाखाका कर्मचारी र प्रहरीको टोली खटिएर फार्मका रहेका कुखुरा नष्ट गरिएको छ।

तीनवटै फार्ममा रहेका १० हजार चार सय ८० वटा कुखुरा, एक हजार ५० कुखुराका चल्ला, चार हजार पाँच सय २३ वटा अण्डा र एक हजार चार सय ७५ केजी दाना नष्ट गरेको प्रहरी उपरीक्षक केसीले जानकारी दिए।

# चालक दलको त्रुटिका कारण जोमसोम जहाज दुर्घटना

**काठमाडौं/मस–** मुस्ताङको जोमसोममा भएको तारा एयरको ट्विनअटर जहाज दुर्घटनाको मुख्य कारण चालक दलको त्रुटि रहेको भेटिएको छ।

दुर्घटना जाँच आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती समक्ष पेस गरेको अन्तिम प्रतिवेदनमा यस्तो त्रुटि देखाएको हो।

२०७९ जेठ १५ गते पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको ट्विनअटर ९ एन-एइटीरडीएचसी ६-३०० जहाज दुर्घटनाग्रस्त हुँदा चालक दलका सदस्यसहित २२ जनाको मृत्यु भएको थियो। जहाज मुस्ताङको मानापाथी हिमालको फेदीमा दुर्घटनामा परेको थियो।

प्रतिवेदनअनुसार जहाजमा अगाडिको पहाड र त्यसको जोखिमबारे जानकारी दिने 'टेरेन अभोइडेन्स एन्ड वार्निङ सिस्टम' (टिएडब्लुएस) बन्द गरिएको थियो। सोहीकारण चालक दलले जहाजबाट अगाडि पहाड छ भन्ने जानकारी पाउन सकेनन्।

सरकारले गत जेठ १६ गते जेठमा नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्र लाल



सुमनको अध्यक्षतामा दुर्घटना जाँच आयोग गठन गरेको थियो। आयोगको सदस्यमा क्याप्टेन दीपु ज्वार्चन, वरिष्ठ मेन्टिनेन्स इञ्जिनियर उपेन्द्रलाल श्रेष्ठ, वरिष्ठ मौसमविद मणिरत्न शाक्य सदस्य र सदस्य सचिव बुद्धिसागर लामिछाने थिए।

दुर्घटनामा चालक दलको त्रुटि पाइएको आयोगका सदस्य सचिव बुद्धिसागर लामिछानेले बताए। जहाजमा जडित प्रणाली सही तरिकामा उपयोग गर्न नसक्दा जहाज पहाडमा ठोक्किन पुगेको दुर्घटनाको कारणमा उल्लेख गरिएको छ। टिएडब्लुएस प्रणाली बन्द नगरी जहाज उडाएको भए दुर्घटनामा पर्नुभन्दा २ मिनेट अगाडि नै चालक दलका सदस्यलाई चेतावनी प्राप्त हुने थियो। जसले गर्दा दुर्घटना टर्न सक्ने सम्भावना रहेको उनले बताए।

प्रतिवेदनमा उल्लेख भएअनुसार मौसम खराबका कारण पाइलटले अगाडिको दृश्य राम्रोसँग देख्न पाएनन्। चालक दलले कम्पनीले तोकेको उडान मापदण्ड पनि पालना नगर्दा जहाज दुर्घटनामा परेको प्रतिवेदनमा भनिएको छ।

आयोगले अन्तर्राष्ट्रिय मापदण्डअनुसार अमेरिकाको नेशसल ट्रान्सपोर्ट सेफ्टी बोर्डसमेतको सहयोगमा प्रतिवेदन तयार पारेको हो। उक्त प्रतिवेदन ६० दिनको समय दिएर अन्तर र्ष्ट्रिय नागरिक उड्डयन संगठनलगायत सम्बन्धी मुलुक र निकायमा समीक्षाका लागि पठाउने र त्यसपछि सबैका जानकारीका लागि सार्वजनिक गरिने आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा रात्रिकालीन उडान

**कास्की/मस–** पोखरा अन्तर्राष्ट्रिय विमानस्थल रात्रिकालीन उडानका लागि तयार भएको छ। गत पुस १७ गतेदेखि आन्तरिक उडान शुरु गरेको विमानस्थलमा इन्स्टुमेन्ट फ्लाइट रुल्स (आइएफआर) प्रणाली बिहीबारदेखि लागू हुने भएपछि रातिको समयमा समेत उडान र अवतरण गर्न योग्य भएको नेपाल नागरिक उड्डयन प्राधिकरण पोखरा विमानस्थलका प्रमुख विक्रम गौतमले बताए।

विमानस्थल सबैखाले उडानका लागि योग्य रहेको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले 'एरोनोटिकल इन्फरमेसन पब्लिकेसन' (एआइपी) प्रकाशित गरेको थियो। सो एआइपी प्रकाशन भएको ४२ दिनपछि विमानस्थलमा सबै उडान गर्न योग्य भएको मानिने गौतमले बताए।

उनले भने, 'एआइपी प्रकाशन भएको बिहीबार ४२ दिन पुग्दैछ। हामीले यसको जानकारी कम्पनीलाई दिएका छौं।



यससँगै पोखरा अन्तर्राष्ट्रिय विमानस्थल रात्रिकालीन उडानका लागिसमेत परिपक्क भएको छ।' यसअघि एआइपी प्रकाशन गरेको ४२ दिन नपुगेका कारण रात्रिकालीन उडानका लागि समय पर्खिनुपरेको बताइन्छ।

हाल विमानस्थलमा भिजुअल फ्लाइट रुल्स (भिएफआर) प्रणालीबाट दिनमा मात्र जहाजको उडान अवतण हुँदै आएको छ। आइएफआर पूर्ण यान्त्रिक प्रणाली भएकाले भिएफआरको तुलनामा सुरक्षितसमेत रहेको बताइन्छ। विमानस्थल रात्रिकालीन उडानका लागि योग्य भएसँगै निजी क्षेत्रका हवाई कम्पनीले रात्रिकालीन उडानको समेत तयारी थालेका छन्।

बुद्धएयरले आगामी फागुन २५ देखि रात्रिकालीन उडानको तयारी गरेको बताइन्छ। बुद्धका चारवटा जहाज रातिको समयमा पोखरा विमानस्थलमा रहनेछन्। हाल साँझ ४ बजेसम्म मात्र उडान हुँदै आएको पोखरामा रात्रिकालीन उडान शुरु भएसँगै यात्रुलाई सहज हुने विश्वास छ। यसबाट पर्यटन क्षेत्रलाई समेत लाभ पुग्ने पर्यटन व्यवसायी बताउँछन्। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट आन्तरिक उडान भए पनि अन्तर्राष्ट्रिय उडान अझै शुरु हुन सकेको छैन। पोखरा विमानस्थलका प्रमुख गौतमले अन्तर्राष्ट्रिय उडानका लागि छिमेकी मुलुकसँग कूटनीतिक पहलका लागि आफूले प्रधानमन्त्रीसँग समेत आग्रह गरेको बताए।

# कर्णालीमा पूर्व प्रदेश सभा सदस्य मञ्च गठन

**सुर्खेत/मस–** कर्णालीमा पूर्व प्रदेश सभा सदस्य मञ्च कर्णाली प्रदेश, नेपाल गठन गरिएको छ। पूर्व प्रदेश सभा सदस्य दल रावलको नेतृत्वमा ११ सदस्यीय मञ्च गठन भएको हो। मञ्चको उपाध्यक्षमा अमृता शाही, महासचिवमा कृष्णा शाह, सचिवमा पद्मा खड्का र कोषाध्यक्षमा मिनासिं रखाल चयन भएका छन्।

त्यस्तै, सदस्यमा करबीर शाही, राजु नेपाली, बझीक्वारी बोहोरा, रातो कामी, झोवा विक र नन्दसिंह बुढा चयन भएका नवनिर्वाचित अध्यक्ष रावलले पत्रकार भेटघाटमार्फत जानकारी दिए। 'संस्था दर्ता ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय सुर्खेतमा दर्ता गरी वैधानिक ढङ्गबाट अगाडि बढेका छौँ', उनले भने, 'जसले प्रदेश सभाको परामर्श दातृ संस्थाको हैसियतले मूलतः प्रदेशसभा सदस्यलाई परामर्श दिने, सदस्यलाई सङ्गठित गरी राष्ट्रिय तथा प्रादेशिक हितका संरक्षण, प्रदेशको समृद्धि र विकासका निम्ति क्रियाशील बनाउने एवं उनीहरुको अनुभव तथा योग्यताबाट संघीय लोकतान्त्रिक व्यवस्थालाई व्यवस्थालाई मर्यादित, सुदृढ एवं व्यवस्थित गर्न योगदान पुऱ्याउने उद्देश्य राखेको छ।'

उनका अनुसार पूर्वसभामुख/उपसभामुखलाई संरक्षण तथा पूर्व एवं बहालवाला मुख्यमन्त्री, सभामुख/उपसभामुख, प्रमुख प्रतिपक्षी दलका नेतालाई सल्लाहकार मञ्चको सल्लाहकार राखिएको छ। पूर्वप्रदेशसभा सदस्यबाट मात्र साधारण, आजीवन र मानार्थ सदस्य लिने गरिएको अध्यक्ष रावलले बताए।

## फेरि...

यसले सम्भावनाको मार्ग भने प्रशस्त गर्नसक्ने उनको भनाइ थियो। ओलीको प्रस्तावले खासै आशावादी नभएको भनिए पनि यसबारे राजनीतिक दलहरुसँग घनीभूत छलफलमा लाग्न अध्यक्ष नेपालले नेताहरुलाई निर्देशन दिएका छन्। 'राष्ट्रपतिमा राष्ट्रिय सहमतिकै आधारमा अगाडि बढ्नका लागि सबै जसो राजनीतिक दलहरुसँग अब घनीभूत रुपमा अगाडि बढाउँ' नेताहरुलाई नेपालले भनेका थिए, 'अब समय पनि धेरै छैन। वार्ता गरौं।'

नेपालको राजनीतिमा विकसित पछिल्लो परिदृश्यपछि बुधवार प्रमुख दलका शीर्ष नेताहरु भेटघाटमै व्यस्त रहे। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र कांग्रेस सभापति शेरबहादुर देउवाबीच बुधवार साँझ बालुवाटारमा भेटवार्ता भएको छ। नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव लगायतका नेताहरुसँगको भेटवार्ता र छलफलपछि कांग्रेस सभापति देउवा प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई भेट्न बालुवाटार पुगेका हुन्। दुई शीर्ष नेता बीचको भेटमा पनि राष्ट्रपतिबारे छलफल भएको र बैठक सकारात्मक रूपमा अघि बढेको कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले बताए।

कांग्रेसले राष्ट्रपति लिने विषयमा सकारात्मक छलफल भएको छ। थप छलफल गर्नका लागि बिहीबार फेरि बैठक बस्छ।

पौडेल भन्छन्, 'छलफल सकारात्मक छ, भोलि पनि छलफललाई निरन्तरता दिन्छौं।'

बालुवाटार बैठकअघि देउवा निवास धुम्बाराहीमा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग वार्ता भएको थियो। बुधबार साँझ देउवा निवास धुम्बाराहीमा भएको छलफलमा एकीकृत समाजवादीका महासचिव बेदुराम भुसाल र नेता घनश्याम भुसाल पनि सहभागी थिए। उक्त भेटमा कांग्रेस र एकीकृत समाजवादीका नेताहरुले एमाले अध्यक्ष केपी ओलीले आफू प्रधानमन्त्री छँदा संसद विघटन गरेको प्रसँग उप्काउँदै फेरि त्यस्तो हुन नदिन सतर्क हुनुपर्ने निष्कर्ष निकालेका थिए। अर्थात राष्ट्रपति निर्वाचनपछि एमालेलाई जारी सत्ता-भागबन्डाभन्दा बाहिर राखेर अघि बढ्ने विषयमा समेत दुई दलका नेताहरुबीच छलफल भएको छ। नेपालसँगको भेटलगत्तै कांग्रेस सभापति देउवा प्रधानमन्त्री प्रचण्डलाई भेट्न बालुवाटार पुगेका थिए।

यसअघि बुधवार नै देउवा र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवबीच पनि भेटवार्ता भएको थियो। देउवा र यादवबीच पनि राष्ट्रपति निर्वाचनकै विषयमा छलफल भएको बताइएको छ।

बुधवार भएको भेटवार्ता र छलफलले पूरानै पाँच दलीय गठबन्धन ब्यूँताउने प्रयासलाई थप बल पुऱ्याएको स्वयम् नेताहरुले स्वीकारेका छन्। १० पुसमा भएको सहमति अनुसार माओवादी केन्द्रले एमालेले भनेकै उम्मेदवार राष्ट्रपति नमान्ने भनेपछि पुनः पूरानो गठबन्धनबारे छलफल चलेको हो। तर, पाँच दलीय गठबन्धन ब्युँतिएको घोषणा गर्नु अगाडि माओवादी केन्द्रले एमालेको प्रतिक्रिया चाहेको छ।

## प्रधानन्यायाधीश...

नरहने सरकारको विश्वास छ। कानून व्यावसायीहरुले भने यो वा त्यो बाहनामा प्रधानन्यायाधीश नियुक्तिमा बिलम्ब नगर्न सरकारलाई भनेका छन्। सर्वोच्च अदालत १ फागुन २०७८ देखि कायममुकायमको नेतृत्वमा छ।

वरिष्ठ अधिवक्ता टिकाराम भट्टराई लामो समयदेखि सर्वोच्च अदालतमा प्रधानन्यायाधीश रिक्त हुनु शोभनमय नभएको बताउँछन्। प्रधानन्यायाधीश नहुँदा न्याय सम्पादनमा असर पर्ने साथै न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाप्रति परनिर्भर हुने अवस्था आउने उनको भनाइ छ।

उनी भन्छन्, 'अविलम्ब प्रधानन्यायाधीशको नियुक्ति गर्नतर्फ राजनीतिक दलहरू लाग्नुपर्छ। होइन भने यो संविधान र स्वतन्त्र न्यायपालिकाले संविधान बमोजिमको कार्य गर्न असमर्थ हुन्छ।'

## मलेसियामा...

उता कोरियामा भाषागत समस्या, कम्पनीमा कामको चापका कारण अस्पताल जान नपाउने, अस्पताल गइहाले पनि भाषाका कारण स्वास्थ्य उपचारमा समस्या हुने लगायतका कारणले नेपाली कामदारहरुको मानसिक स्वास्थ्यमा समस्या देखिएको बताइएको छ।

तनाव कम गर्न नेपालीका स्थानीय संघसंस्था र नेपाली दूतावासबाट उत्प्रेरणात्मक योग शिविर, तनाव व्यवस्थापन र खुशी कला सञ्चालन गर्ने गरिएको छ। जीवनमा खुशी प्राप्त गर्न तनाव व्यवस्थापनका लागि हास्ययोग अपनाउने गरिएको पनि बताइएको छ। वैदेशिक रोजगारमा रहेका कामदारहरुमा परिवार तथा रोजगारदाताका कारणले गर्दा मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्ने एवं सुतेकै ठाउँमा मृत्यु हुनेजस्ता अनेकौं खालका समास्याहरु देखिने गरेका छन्।

कोरियामा रहेका नेपालीहरुलाई निःशुल्करुपमा मानसिक स्वास्थ्य परामर्श दिँदै आएका कोरियाको थेगुस्थित केम्युंग युनिभर्सिटी दोंग्सान अस्पतालमा कार्यरत नेपाली चिकित्सक डा. राजेशचन्द्र जोशीले उक्त मुलुकमा भाषाको समस्याका कारण कामदार उपयुक्त मानसिक स्वास्थ्य सेवा लिन असमर्थ हुने गरेको बताएका छन्।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ७२ मा वैदेशिक रोजगारमा जानुअघि कामदारको स्वास्थ्य परीक्षणको व्यवस्था भएपनि त्यसमा मानसिक स्वास्थ्य परीक्षणको व्यवस्था समावेश गरिएको छैन। आप्रवासी कामदारको पक्षमा कार्यरत गैरसरकारी संस्थाहरुले मानसिक स्वास्थ्यको विषय पछिल्ला दिनमा गम्भीररुपमा अगाडि आएको भन्दै स्वास्थ्य परीक्षणको सूचीमा त्यसलाई पनि अनिवार्यरुपमा समावेश गर्नुपर्ने सुझाव दिँदै आएका छन्।

## आईएलओकै...

भर्ना शुल्क उल्लेख हुनु भ्रमपूर्ण रहेको स्पष्ट समेत पारेको छ।

कतारको राहदानी महानिर्देशनालयको खोज तथा अनुगमन विभागले केही दिनअघि कामदार तस्करी गर्ने १९ जनालाई पक्राउ गरेपछि कतारको आन्तरिक मन्त्रालयले अवैध कामदारसँग व्यवहार नगर्न आग्रह गरेको थियो।

**बहराइनमा रोजगार** | १. कम्पनी : NOOR AL-YAQEEN BEAUTY CENTER
शहर : Baharain

पूर्व स्वीकृत मितिः २०७९/१०/१३ चलानी नं.: ६०१९५७८७ LT. No.: 280131 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | स. काममा दक्ष | 150 | ५२,६०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १८ गते (2 March 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

elite Pvt. Ltd. human resource
श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
**Elite Human Resource Pvt. Ltd.**
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal
Tel: 01-4987995, 4989849, 4983362, Mob.: 9851072628, 9808875634
9803031722, Email:elitehrnepal@gmail.com, www.ehr.com.np

**VACANCY ANNOUNCEMENT**

PRO SPECIALIZE IN SOURCING FOR UAE & Qatar

PRO: 4 (Male/ Female)

सम्बन्धित काममा दक्ष भएकालाई प्राथमिकता दिईनेछ। म्यानपावरमा ८ देखि १० वर्षको अनुभव भई विभाग सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्दछ।
कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको र अंग्रेजी राम्रो सँग बोल्न र लेख्न सक्ने हुनुपर्दछ।

Contact: 9851083583

Swift
P.T.SWIFT HR MANAGEMENT PVT. LTD
Dhumbarai-4, Kathmandu (Opposite of Vibor Hotel),
Landline No.: 01-5915721, Email: ptswift334@gmail.com
Contact No.: 9823668160 | 9851180471

**त्रिपुरासुन्दरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बगर, डोल्पा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७९/११/११**

यस कार्यालयबाट मिति २०७९/१०/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित सूचना अनुसार हार्ड कपी मार्फत पर्न आएका तपसिल बमोजिमका ठेक्काहरुमा बोलपत्रका सम्पूर्ण आबश्यक कागजात तथा कबोल अंक मुल्यांकन गर्दा निम्न फर्मको कबोल अंक न्युनतम मुल्यांकन सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.न. | ठेक्का न./बोलपत्र न. | कार्यको विवरण | सारभुत रुपमा प्रभावग्राही न्यून बोलपत्रदाता | कबोल अंक (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1 | TM/NCB/01/2079-80 | Birthing Center Nirman Ward No:-2 (Ruma) | **O.Vi. Nirman Sewa Tripurasundari Municipality.-2, Dolpa** | NRs. 48,26,630.89 |
| 2 | TM/NCB/02/2079-80 | Birthing Center Nirman Ward No:-4 (Ranga) | **Sristi Nirman Sewa Tripurasundari Municipality-3, Dolpa** | NRs. 48,26,275.16 |
| 3 | TM/NCB/03/2079-80 | Birthing Center Nirman Ward No:-8 (Pahada) | **Siharaj & Yamraj Nirman Sewa Tripurasundari Municipality -7, Dolpa** | NRs. 48,26,630.89 |
| 4 | TM/NCB/04/2079-80 | Birthing Center Nirman Ward No:-11 | **Dharma Nirman Sewa Tripurasundari Municipality -1, Dolpa** | NRs. 48,23,777.64 |
| 5 | TM/NCB/05/2079-80 | Birthing Center Nirman Ward No:-6 (Fulching) | **Kajal Multi Builders Pvt. Ltd. Tripurasundari Municipality-2, Dolpa** | NRs. 57,94,033.28 |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# ‘बालाजु घटनामा प्रहरी वृत्तको कमजोरी’

**काठमाडौं/मस-** काठमाडौं बालाजुमा यातायात मजदुरले गरेको आन्दोलनका क्रममा ट्राफिक बिट र प्रहरीकै गाडी आगजनी तथा लोत्से मलमा भएको तोडफोड र लुटपाटमा दुई प्रहरी वृत्तकै कमजोरी रहेको जनाइएको छ।



काठमाडौं उपत्यका प्रहरी कार्यालका अनुसार प्रहरी वृत्त बालाजु र प्रहरी वृत्त सोह्रखुट्टेको कमजोरीले घटना घटेको निष्कर्ष निकालिएको छ । कार्यालयले अनुसन्धानका लागि गठन गरेको समितिले ती दुवै प्रहरी वृत्तका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी)लाई कारबाहीका लागि सिफारिस गरेको उपत्यका प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक हिमालयकुमार श्रेष्ठले बताए। उपत्यका प्रहरीले प्रहरी नायब महानिरीक्षक मसाउद आलम खाँको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो। उक्त समितिले त्यस दिन आन्दोलन नियन्त्रणका लागि खटिएका बालाजुका डिएसपी रविन विष्ट र सोह्रखुट्टेका डिएसपी गणेशबहादुर बमको कमजोरी रहेकाले कारबाहीका लागि सिफारिस गरेको जनाइएको छ।

फागुन १ गते उक्त घटना भएको थियो । प्रहरीले बुधबारसम्म चोरीको आरोपमा १६ र तोडफोड तथा आगजनी गरेको आरोपमा ३५ जनालाई पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए। उक्त घटनापछि भोलिपल्टै बालाजुका डिएसपी विष्टलाई उपत्यका प्रहरी कार्यालय रानीपोखरी ल्याइएको र उहाँको स्थानमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका डिएसपी मनोजित कुँवरलाई पठाइएको थियो। घटनामा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले चासो राख्दै कसरी कमजोरी भयो भनेर प्रहरी प्रमुखसँग जानकारी लिएका थिए।

# सडक सञ्जालसँग जोडिँदै नार्पाभूमि

**नविन अंकुर/मध्यान्ह**
मनाङ, १० फागुन

मनाङमा सडक सञ्जाल विस्तार भएको २० वर्ष भयो । मनाङमा सडक विस्तार भएको २० वर्षपछि जिल्लाको विकट क्षेत्रको रूपमा रहेको नार्पाभूमि गाउँपालिका सडक सञ्जालसँग जोडिने भएको छ।



प्रदेश सरकार र पालिकाबाट बजेट छुट्याइएपछि नार्पाभूमिमा सडक सञ्जालको ट्र्याक खोल्न लागिएको हो। सडक सञ्जालबाट वञ्चित रहेको यस पालिकामा हाल सडक सञ्जाल विस्तारको काम भइरहेको छ। नार्पाभूमिमा सडक सञ्जालका लागि ट्र्याक खोल्न स्थानीय सरकार र प्रदेश सरकारबाट बजेट विनियोजन भएको छ। केही भागमा सडक विस्तारका ट्र्याक खोल्ने काम भएको नार्पाभूमि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश पाख्रिनले बताए।

उनका अनुसार सडकको ट्र्याक खोल्नका लागि गण्डकी प्रदेश सरकारबाट रु.५० लाख र गाउँपालिकाबाट रु.९० लाख विनियोजन भएको छ। मनाङ सडक सञ्जालसँग जोडिएको लामो समयपछि नार्पाभूमि गाउँपालिकामा बल्ल मात्रै सडकको ट्र्याक खोल्न लागिएको उनले बताए। नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेञ्जिङ लामाले पालिकालाई सडक सञ्जालसँग जोड्ने आफ्नो प्रतिबद्धता पूरा गर्ने लक्ष्यमा पुगेको बताए।

पालिकाको तल्लो क्षेत्रमा सडक सञ्जालको विस्तारका लागि ट्र्याक खोल्ने काम भइरहेको उनले बताए। यस पालिकामा ट्र्याक खोलिएसँगै स्थानीयवासीमा खुसी छाएको छ। जोखिम बाटोमा पैदलयात्रा गर्नुपर्ने बाध्यता हट्ने उनीहरूको आशा छ। मर्स्याङ्दीलगायत साना ठूला नदीमाथि पुल निर्माण गर्न सकिए अझै यस पालिकाको सडक सुरक्षितरूपमा यात्रा गर्न सकिनेछ।

# बञ्चरे डाँडामा ‘क्यापिङ्’ लागि माटो पाउनै मुस्किल

**काठमाडौं/मस-** काठमाडौं उपत्यकाको १८ स्थानीय तहको अन्तिम फोहर व्यवस्थापन स्थल बञ्चरे डाँडामा ‘क्यापिङ’ (फोहर राखेपछि उक्त फोहरलाई छोप्ने काम) को लागि माटो पाउन कठिन भएको छ। विगत सात महिनादेखि काठमाडौं उपत्यकाको फोहर उक्त स्थानमा विसर्जन हुँदै आएको छ। उक्त स्थानमा फोहर राखेपछि त्यसको थप व्यवस्थापनका लागि माटो आवश्यक पर्छ । फोहरलाई खुला छोड्न पाइँदैन। त्यसलाई हरेक दिन छोप्नुपर्छ । यसरी छोप्नका लागि माटोको उपलब्ध गर्न कठिन भएको छ । माटो व्यवस्थापनका लागि सहरी विकास मन्त्रालयले तोकेको स्थानबाट ल्याउँदा स्थानीय वन उपभोक्ता समितिको अवरोधका लागि समस्या भएको हो।




कामपाको प्रवक्ता नवीन मानन्धरका अनुसार उक्त स्थानमा राखिएको फोहरलाई व्यवस्थापन गर्नका लागि दैनिक ५० टन माटोको आवश्यकता पर्छ । दैनिकरुपमा नै माटो धेरै आवश्यक पर्छ हाल व्यवस्थापनका लागि माटो ल्याउने स्थान अलि टाढा छ। उक्त स्थानबाट माटो निकाल्न पनि समस्या छ सधैं यसरीले ल्याउन मिल्ले अवस्था नभएको प्रवक्ता मानन्धरले बताए।

हरेक दिन उपत्यकाबाट एक हजार दुई सय मेट्रिक टन फोहर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । जसमा सबैभन्दा बढी कामपाको पाँच सय मेट्रिक टन फोहर जान्छ। निजी क्षेत्रबाट व्यवस्थापन हुने र कामपाको गरी दैनिक कम्तीमा दुई सय गाडीले फोहर ओसार्ने गरेका छन्।

उपत्यकाको फोहर दैनिकरूपमा उक्त स्थानमा पुग्छ। सुरुमा गोकर्ण, सिसडोल हुँदै अहिले बञ्चरेडाँडामा फोहर व्यवस्थापन गरिँदै आएको हो । विगत सात महिनादेखि ‘सेल वान’मा मात्रै फोहरको व्यवस्थापनको काम हुँदा लेवल मिलाउन अलि समस्या भएको भन्दै कामपाले ‘सेल टु’मा पनि फोहर व्यवस्थापनको लागि सहज गरिदिन सहरी विकास मन्त्रालयसँग कामपाले आग्रहसमेत गरेको छ। ‘सेल वान’मा फोहरको थुप्रो बढी भइसकेकाले ‘सेल टु’ पनि प्रयोगमा ल्याउन सके फोहर व्यवस्थापनमा सहज हुने कामपाको भनाइ छ।

अन्तिम व्यवस्थापनस्थल बञ्चरेडाँडा ‘सेल वान’मा मात्रै फोहर व्यवस्थापन गर्नुपर्दा लिचड व्यवस्थापनमा पनि समस्या भएको प्रवक्ता मानन्धरको भनाइ छ । अहिले फोहरबाट निष्कने तरल पदार्थ (लिचड) रहने स्थान पनि भरिएको कारण समस्या भएको कामपाको भनाइ छ।

गत साउन महिनादेखि स्रोतमा फोहर वर्गीकरण गरी अन्तिम व्यवस्थापन गर्ने भने पनि उपत्यकाबाट सबै किसिमको फोहर अन्तिम विसर्जन स्थानमा लानुपर्ने बाध्यताको कारण छोटो समयमानै लिचड राख्ने स्थान भरीएको बताइएको छ।

कामपा वातावरण विभाग प्रमुख रवीनमान श्रेष्ठका अनुसार अहिले पनि केही वडाबाट फोहर वर्गीकरण गरी ल्याइन्छ । केही वडाबाट सबै फोहर एकै ठाउँमा राखेर व्यवस्थापन गर्नुपरेको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७९/११/०२ को निर्णयानुसार साबिक **लाखे बुटिक होटल प्रा. लि.** कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित **लाखे होटल प्रा. लि. (Lakhey Hotel Pvt. Ltd.)** ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लाखे होटल प्रा.लि.**
**(Lakhe Hotel Pvt. Ltd.)**
(प्रा.लि.नं.: २३१२५०/०७६/०७७)
काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६

## कतारमा रोजगार

१. कम्पनी : DON CONSTRUCTION PRODUCTS - QATAR WLL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/११/१० चलानी नं.: ६०१९७०५४ L.T. No.: 281616

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १८ गते (2 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ROYAL
श्रम इजाजत पत्र नं.: १०२३/०६८/०६९
रोयल गण्डकी म्यानपावर प्रा. लि.
सामाखुसी-३, काठमाडौं, फोनः ४३८७८७१

## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी : DENGKIR MAJU SECURITY SERVICES SDN BHD शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७९/०२/३० चलानी नं.: ६०१८०९२३ LT. No.: 264785 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 35 | 0 | स. काममा दक्ष | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १८ गते (2 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

सुनसरी ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं. ११०७/०७३/०७४
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ०१-४५७४४६७, ४५६४०२९, ४५६९१८० मो.: ९८४१८३४३९४, ९८१८३२७४४९, ९७४२८४९१४०, ९८६३२३९२३७ । Email: mdsunsarioverseas@gmail.com

## सिमकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### सिमकोट, हुम्ला

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशितः मिति : २०७९/११/११**

सिमकोट गाउँपालिका/सबैको लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना हुम्ला जिल्ला अर्न्तरगत सिमकोट गाउँपालिकामा संञ्चालित तपशिलका खाने पानी तथा सरसफाइ योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खाने पानी योजना तथा विद्यालय शौचालय निर्माणमा प्रयोग हुने वाह्य निर्माण सामग्रीहरु तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्नशर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि कर मा दर्ता भएका फर्म वा सप्लायर बाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ।

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फाराम प्रति फाराम रु.३०००। अक्षरेपी रु. तिनहजार मात्र(पछि फिर्ता नहुने गरी) सिमकोट गाउँपालिकाको राष्ट्रिय बाण्जिय बैंक सिमकोट शाखामा रहेको आन्तरिक राजश्व कोष खाता नं.४१९०१००३०१०१०००३ मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखियो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र सम्बन्धित गाउँपालिकाको कार्यालय वाट खरिद गर्न सकिने छ।
२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं)दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्बन्धित सिमकोट गाउँपालिकाको कार्यालय र सबैका लागी दिगो खानेपानी तथा सरसफाई आयोजना सहयोग कार्यलय कालीन्चोक सुर्खेत वाट पनि दर्ता गराउनु सकिनेछ। साथै दरभाउपत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ।
३. सिलवन्दी दरभाउपत्र पेशगर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ। हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ।
४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले नजिकको रोडहेडमा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेक जाँच भए पछिमात्र गर्नेछन। तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन।
५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०७९।११।२६ गते सिमकोट गाँउपालिकाको कार्यालयमा दिउसो १२:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दर भाउ पत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवर मा खोलिनेछ। दरभाउपत्रदाता को प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।
६. दरभाउपत्रखरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।
७. दर भाउ पत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परे मा अक्षरमा लेखेको लाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएको मा दस्तखत र छाप लगाएको हुनु पर्नेछ।
८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वाआंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।
१०. अन्यशर्तहरु परियोजनाको खरिद कार्य विधि वमोजिम हुनेछ। थपशर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ।
११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सोको सूचना सिमकोट गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ।
१२. अन्य थप जानकारी चाहिएमा सिमकोट गाउँपालिकाका वा स संयोजक ध्रुब.शाहीको सम्पर्क नं.९८५८०२२७४२ मा गर्न सकिनेछ।

**तपशिल**

१. तोर्पा खानेपानी सरसफाइ उपभोक्ता समिति, हूम्ला जिल्ला सिमकोट गाउँपालिका वडा नं. ३
२. हिल्दुम तल्लो माथिल्लो स्याम्ने खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सिमकोट गाउँपालिका वडा नं. ४
३. दोभान आधारभुत बाल, लैगीङ्गमैत्री शौचालय निर्माण उपभोक्ता समिति गाउँपालिका वडा नं.७
४. रामदेव माध्यमिक विद्यालय, शौचालय निर्माण उपभोक्ता समिति गाउँपालिका वडा नं. २
५. श्री कर्णाली मा.वि बाल, लैगीङ्गमैत्री शौचालय निर्माण उपभोक्ता समिति गाउँपालिका वडा नं.७
६. लेकढिगा चौगानफया उपभोक्ता समिति गाउँपालिका वडा नं. ७
७. भिमसेन बाल,लैगीङ्गमैत्री शौचालय निर्माण उपभोक्ता समिति गाउँपालिका वडा नं. ५
८. बालविकास आधारभुत बाल, लैगीङ्गमैत्री शौचालय निर्माण उपभोक्ता समिति गाउँपालिका वडा नं.४

| क्र.स. | कोटेशन नं: | कामको विवरण | लगत अनुमान भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| १. | SRM/SUSWA/01-079-080 | संयूक्त वाह्य सामाग्री खरिद तथा ढुवानी | 18253263.41 | |

**संयुक्त खरिद समिति**



सम्पादकीय

## नियमावलीले जगाएको आशा

बुधवार प्रतिनिधिसभा नियमावली २०७९ प्रतिनिधिसभामा पेश भएको छ। विगतमा गरेको अभ्यास र अनुभवका आधारमा यसपटक केही नयाँ व्यवस्थाहरू गरिएका छन् । संसदीय क्यालेन्डर बनाएर सदनको कामकारबाहीलाई व्यवस्थित गर्ने भनिएको छ । उपसभामुखलाई थप अधिकार दिँदै बैठकको प्रारम्भ तथा स्थगन वा सभामुखले प्रारम्भ गरेको बैठकको स्थगनको घोषणा गर्न सक्ने व्यवस्था राखिएको छ। प्रतिनिधिसभा सदस्यहरू स्वार्थ बाझिने संसदीय समितिको सदस्य हुन नपाउने भएका छन् । कानूनहरूको अडिट गर्ने विषय समावेश गरिएको छ । प्रतिनिधिसभाले नियमावली र निर्देशिकाहरू पनि हेर्ने भएको छ । भर्चुअल बैठकलाई कानुनी मान्यता दिइएको छ। महाअभियोगको अवधि किटान गरिएको छ। प्रतिनिधि सभाको कार्यकाल पाँच महिनाभन्दा कम रहेको अवस्थामा महाअभियोग दर्ता भएमा र टुंगो लाग्न नसके निर्वाचनपछाडिको हाउसमा पनि छलफल हुन सक्ने परिकल्पना गरिएको छ।

प्रतिनिधिसभामा महिला ककसको परिकल्पना गरिएको छ। सभामुख, उपसभामुख र संसदीय समितिका सभापतिको पद रिक्त भए १५ भित्रै निर्वाचन गर्नुपर्ने विषय यसपटक प्रष्ट रूपमा राखिएको छ । प्रतनिधिसभाबाट अनुमोदन गरिने सन्धिमा व्याख्यात्मक टिप्पणी गर्न सक्ने व्यवस्था नियमावलीमै छ । साथसाथै लवी रिपोर्टिङको व्यवस्था राखिएको छ । यस्ता नयाँ व्यवस्थाको सही कार्यान्वयन हुन सकेको खण्डमा संसदीय गतिविधि थप पारदर्शी र कम आलोच्य बन्न सक्छ ।

विगतमा महाअभियोग प्रस्ताव ल्याउने र टुंगो नलगाउने प्रवृतिका कारण तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले एकवर्षसम्म महाअभियोग पर्खिएर पनि निलम्बनकै अवस्थामा घर जानु पर्‍यो। विगतमा उपसभामुख मुलुकले वर्षौं पाएन । संसदीय समितिको सभापति पद रिक्त भएपछि निर्वाचन नै हुन नसकेका नजिर छन् । गलत नजिरलाई नदोहोर्‍याउन पाँच महिनामा महाअभियोगको टुंगो लगाइसक्नुपर्ने, सभामुख, उपसभामुख, संसदीय समितिको सभापति पद रिक्त भएमा पन्ध्र दिनभित्र निर्वाचन गरिसक्नुपर्ने बाध्यकारी व्यवस्था राखिएको छ । आफूले बनाएको कानून कार्यान्वयन अवस्थाको मुल्यांकन गर्ने जस्ता विषय समेटिएका छन् । संसदले बनाएका कानूनले प्रत्यायोजन गरेको अधिकार अनुसार बन्ने नियमावली, निर्देशिका, मापदण्डहरू पनि हेर्ने र नभएको अधिकार प्रयोग गरेको पाइए सच्याउन निर्देशन दिने जस्ता विषय सकारात्मक छन् । विगतमा यस्तै प्रत्यायोजित अधिकारको दुरूपयोग गरेका अनेकन उदाहरण छन्। त्यसउपर संसदले नै हेरेको र केही गर्न नसकेको अवस्थामा प्रनिनिधिसभा नियमावलीमै अध्ययन गर्ने विषय राखिनु सह्राननीय छ । तर, फेरि पनि समस्या कार्यान्वयनमा छ । नियमावलीमा राम्रा विषयहरू समावेश गर्ने र कार्यान्वयन नगर्ने प्रवृत्ति छ। संसदीय क्यालेन्डरको विषय संविधानसभामा असफल भएको अभ्यास हो । यसकारण विगतको पाठ सिक्न जरूरी छ । लेख्ने भन्दा व्यवहार देखाउने थलो हो संसद भन्ने संसदीय मान्यताको अनुसरण गर्न फेरि आवश्यक छ ।

# भ्रष्ट नेतृत्व र जनता

